नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ | अंक १९७ | २०७६ साल फागुन २३ गते शुक्रबार (6 Mar. 2020 Friday) | मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : मिथिलाञ्चलमा फागूको ... ३ पृष्ठमा : कोरोना भित्रिन नदिन सावधानी ३ पृष्ठमा : कोरोनाको त्रासः क्यालिफोर्नियाम.

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरुः**

- अनुसन्धान वा अभियोजन अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाने मनसायले वदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- झुठ्ठा प्रमाण बनाउनेलाई पाँचवर्षसम्म कैद र पचार हजार रुपैयाँसम्म जरिवाना हुने,
- कसूरदारलाई आश्रय दिनेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# ठूलो जमघट, ठूलो स्वरमा डिजे नबजाउन जिप्रकाको अनुरोध




**दैनिक समाचारदाता**
**राजविराज, २२ फागुन ।**

विश्वभर फैलिरहेको नोभेल कोरोना भाइरसको संक्रमणलाई मध्य नजर गर्दै जिल्ला प्रशासन कार्यालय सप्तरीले सार्वजनिक सूचना जारि गर्दै विभिन्न सामाजिक कार्यहरुका लागि ठूलो जमघट नगर्न नगराउन अनुरोध गरेको छ।

जिप्रका सप्तरीका प्रशासकीय अधिकृत जनार्दन कट्टेलद्वारा बिहीबार जारि सूचनामा घर परिवार र समाजमा अनिवार्य रुपमा गर्नु पर्ने विभिन्न किसिमका सामाजिक कार्यहरु विवाह, ब्रतबन्ध, छेका, मुण्डनलगायतका कार्यमा ठूलो भोजभतेर तथा अनावश्यक तडकभडक नगरि सामान्य रुपमा गर्न अनुरोध गरिएको छ।

त्यस्तै विद्यालय, मठ, मन्दिर, मस्जिद, अस्पताल तथा सार्वजनिक स्थलहरुमा ध्वनी प्रदुषण हुने गरि लाउड स्पीकर तथा बाजा नबजाउन तथा ठूलो स्वरमा डिजे नबजाउन सूचनामार्फत अनुरोध गरिएको छ।

यसैगरि होलीमा अनावश्यक उच्श्रृंखल क्रियाकलाप नगर्न, मादक पदार्थ सेवन नगर्न, जबरजस्ति पानी नछ्याप्न तथा पानीमा नभिज्न अनुरोध समेत गरिएको छ।

जारि सार्वजनिक सूचनामा त्यस्ता गैर कानुनी क्रियाकलाप भए गरेको पाइएमा प्रचलित कानुन बमोजिम सजाय हुने समेत जनाइएको छ।

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
राजविराज, सप्तरी

प.सं. :२०७६/०७७ (प्रशा.)
च.नं.

फोन : ०३१-५२०८३२
०३१-५२०१७४
फ्याक्स :०३१-५२०६२४

मिति :- २०७६/११/२२

***स्वास्थ्य सजगता तथा शान्ति कायम गर्ने सम्बन्धी सूचना ।***

आफ्नो घर परिवार र समाजमा अनिवार्य रूपमा गर्नु पर्ने विभिन्न किसिमका सामाजिक कार्यहरू (जस्तैः विवाह, व्रतवन्ध, छेक्का, केश मुण्डन आदि कार्यमा ठुलो भोजभतेर तथा अनावश्यक तडक भडक नगरी सामान्य रूपमा सम्पन्न गर्न आवश्यक सहयोग गर्न सम्पूर्ण जिल्ला वासीहरूको लागि यो सूचना प्रकाशित गरिएको छ ।

***विशेष गरी देहायका क्रियाकलापहरू तर्फ सजकताका लागि ध्यानाकर्षण गरिन्छ ।***

१. ठुलो आवाज आउने D.J. र Loud Speaker को प्रयोग नगर्ने ।
२. विद्यमान स्वास्थ्य प्रतिकुल विश्व ब्यापी CORONA VIRUS संक्रमणलाई मध्यनजर गरी अनिवार्य रूपमा गर्ने पर्ने सामाजिक कार्य गर्दा सके सम्म धेरै ठुलो जमघट हुने भोज भतेर तथा सभा समारोहको आयोजना नगर्ने ।
३. होलीमा अनावश्यक उच्छृङ्खल क्रियाकलाप नगर्ने, मादक पदार्थ सेवन नगर्ने, जबरजस्ती पानी नछ्याप्ने, पानीमा नभिज्ने ।
४. विद्यालय, मठ, मन्दिर, मस्जिद, अस्पताल तथा सार्वजनिक स्थल/निकायहरूमा ध्वनी प्रदुषण हुने गरी Loud Speaker तथा बाजा नबजाउने साथै प्रेसर हर्नको प्रयोग कतैपनि नगर्ने।

**पुनश्चः** उपरोक्त बमोजिम तथा अन्य गैर कानूनी क्रियाकलाप भए गरे गराईएको पाईएमा प्रचलित कानून बमोजिम सजाय हुने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**जनार्दन कट्टेल**
**प्रशासकीय अधिकृत**

web: www.daosaptari.moha.gov.np email:daosaptari1@gmail.com

# नौं करोडको लागतमा चिल्ड्रेन पार्कको निर्माण हुदै



**चन्दनकुमार यादव**
**राजविराज, २२ फागुन ।**

राजबिराज नगरपालिकामा पहिलो पटक चिल्ड्रेन पार्क (बाल उधान) निर्माण हुने भएको छ। राजबिराज वडा नं. १ स्थित पडरियामा बिहीबार एक कार्यक्रमबीच राजबिराज नगरपालिका प्रमुख शमभु प्रसाद यादब, उपप्रमुख साधना झा र वडा अध्यक्ष चन्द्रशेखर चौधरीले

***बाँकी तीन पृष्ठमा***




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit | Prabhu Money Transfer | City Express | IME International Money Express | IME pay | himal remit हिमालरेमिट | CG Money | MoneyGram money transfer

## सम्पादकीय

# कोरोनाबाट बच्न र बचाउन सतर्कता अपनाऔं

अहिले नोबेल कोरोना भाइरसको त्रासले सम्पूर्ण विश्व त्राहिमाम भएको छ । चिनको हुवान प्रान्तबाट सुरु भएको सो भाइरसका कारण विश्वको ७० देशहरु प्रत्यक्ष रुपमा प्रभावित भएको विश्व स्वास्थ्य संगठनले जनाएको छ । यो भाइरस पशुहरुबाट मानिसमा प्रसार भई हाल मानिसबाट मानिसमा संक्रमण फैलिदै गएको हो । तर, यो रोग हालसम्म नेपालमा देखा परेको छैन् ।

नोभेल कोरोना भाइरसले सामान्य रुघाखोकीदेखी गम्भिर प्रकारको तिब्र स्वासप्रस्वास संक्रमणसम्म गराउने गर्दछ । यो रोग लागेका मानिसहरुमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, १ सय ४ डिग्रि माथी ज्वरो आएमा, घाँटी/टाउको दुखेमा र स्वाशप्रस्वासमा अत्याधिक समस्या आएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नु पर्दछ । कोरोना भाइरसबाट बच्न र बचाउन नियमित साबुन पानीले हात धुने, खोक्दा र हाछ्यु गर्दा नाक र मुख छोप्ने, फ्लु जस्तो लक्षण देखिएमा चिकित्सकसँग परामर्श लिने, फ्लु जस्तो लक्षण देखाउने जो कोहीसँग टाढा रहने, जंगली तथा घरपालुवा, पशुपंक्षिसँग असुरक्षित सम्पर्कबाट टाढा रहने, पशुजन्य मासु तथा अण्डा राम्रोसँग पकाएर मात्र खाने र मास्क तथा पन्जाको प्रयोग गर्नुपर्दछ ।

यता कोरोना भाइरसबाट बच्न र बचाउन जिल्ला प्रशासन कार्यालय सप्तरीले सबैलाई सतर्कता अपनाउन आग्रह गरेको छ । त्यस्तै राजविराज नगरपालिकाले समेत सार्वजनिक सूचना जारि गर्दै सामुहिक कार्यक्रम, भोजभतेर, पर्व समेत नगर्न नमनाउन आग्रह गरेको छ । तसर्थ यस रोगको कुनै औषधी हालसम्म नबनेकाले मानिसहरुले सतर्कता अपनाउनु बाहेकको कुनै विकल्प छैन् ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट
आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मिथिलाञ्चलमा फागूको रौनकता

जनकपुरधाम, २२ फागुन (रासस) ।

मिथिलाञ्चलमा सद्भाव, सौन्दर्य र रसरङ्गको रङ्गीन पर्व फागूको रौनक छाइरहेको छ । जातिपाति, छुवाछूत, सानो, ठूलो, धनी र गरिबको भेदभावलाई भुलेर एउटै रङ्गमा रङ्गिने फागू पर्व नवचेतना, समता र सद्भावको प्राकृतिक स्रोत हो । प्राकृतिक सौन्दर्य र रसरङ्गको उमङ्गले सबैलाई तरङ्गित तुल्याउने फागू आनन्द र उल्लासको रङ्गीचङ्गी चाड हो ।

मिथिलाञ्चलमा १५ दिने परिक्रमाका श्रद्धालुले कञ्चन वनमा रङ्ग र अबीर खेलेसँगै फागूको रौनकताको थालनी हुन्छ । त्रेतायुगमा भगवान राम र सीताले कञ्चन वनमा रङ्ग अबीर खेलेको मान्यता अनुरूप परिक्रमाका श्रद्धालुले फागूको थालनी गर्ने परम्परा रहेको छ । फागू पर्वको इतिहास वसन्त र वसन्तको मदन अर्थात् कामदेवको पूजाबाट शुरू हुन्छ । त्यसैले यस उत्सवलाई मदनोत्सव या वसन्तोत्सवका रूपमा मनाइन्छ । वसन्तोत्सवले हाम्रो जीवनमा यौवनभरि प्रकृतिको सौन्दर्यबाट हामीलाई प्रशन्न तुल्याउँछ ।

प्रकृतिको सुन्दरतामा मनुष्यलाई प्रशन्न गरी उसका सबै घाउलाई भर्न सक्ने क्षमता छ । अत : मानिसको स्वभाव नै प्राकृतिक सौन्दर्यबाट प्रभावित हुने हुँदा प्रकृतिको पर्व मनाउनलाई पाश्चात्य देशमा एउटी सुन्दरी बालिकालाई छानेर उक्त बालिकालाई रानीको सङ्ज्ञा दिई वसन्त पर्व मनाउने चलन पनि पाइन्छ । प्राचीनकालमा वसन्तोत्सवका रूपमा मनाइने यो चाड कालान्तरमा प्रल्हाद, कृष्ण, होलिका, ढण्डा आदिका कथा माध्यमले फागू, फगुवा, होली, होरी नाउँबाट पुकार्न थालिएको पाइन्छ ।

फाल्गुने पूर्णिमायां त दुग्धा भवति होलिका ।
पश्चात् प्रात : समुथ्याय होलिकात्सव : ॥

अर्थात् फागुन महिनाको पूर्णिमा तिथिमा होलिका दहन गरिन्छ । अर्को दिन बिहानै उठेर होलिकात्सव मनाइन्छ । होलिका वसन्त आरम्भको बेलाका एक लोकप्रिय पर्व हो । फागूलाई मैथिली भाषामा फगुवा अथवा होरी भनिन्छ । मिथिलाञ्चलमा यो पर्व अत्यन्त लोकप्रिय मानिन्छ । यो पर्व प्राचीनकालदेखि नै मनाइँदै आएको तथ्य पाइन्छ ।

बराह पुराणमा फागुन पूर्णिमालाई पटवास विनाशनी भनिएको छ । पटवास भनेको अबीर जस्तो च्रुर्णलाई भनिन्छ । पौराणिक कथनअनुसार यस उत्सवको आरम्भ रघुराजाबाट भएको हो । यो पर्व बाल स्वास्थ्य तथा नारी सौभाग्यसित पनि सम्बन्धित रहेको छ । सत्य तथा ज्ञानको प्रतीक प्रल्हाद र विज्ञान तथा भौतिकवादी हिरण्यकश्यपुको कथासँग यो पर्वलाई आध्यात्मवाद र भौतिकवादको द्वन्द्वका रूप पनि लिइन्छ । कृष्णले आफूलाई दुध पिलाउने पुतना राक्षसीको वध गरेपछि गोप गोपिनीले रास लीलाका साथ रङ्ग खेलेर उत्सव मनाएको तथ्य पनि पाइन्छ ।

ब्रह्माले सृष्टिको शुभारम्भ पनि फागू पर्व मनाउने वसन्त ऋतुमा नै गरेको कुरा "चेत्रेमासे जगत् ब्रह्म ससर्ज प्रथमे हनि" श्लोकबाट प्रमाणित हुन्छ । भगवान विष्णुलेले सत्ययुगमा यसैदिन मत्स्यावतार धारण गरेको शास्त्रहरूमा उल्लेख छ । प्रतापी राजा रघुको राज्यमा अमनचैन सुखशान्ति हुँदाहुँदै त्यहाँ कुनै ठाउँमा ढुण्ढी नामकी राजक्षीले बालबालिकाको अपहरण दु:ख दिएको हुँदा चिन्तित राजाले राक्षसीलाई निकाल्ने प्रयास गरे पनि सफल नभएपछि वशिष्ठ ऋषिसँग अत्याचारबाट मुक्त हुने सुझाव लिइ अग्निकुण्ड बनाई प्रचण्ड अग्नि जलाई सो रापले नभेट्ने ठाउँमा बालबच्चा र ठूलाको उल्लासपूर्ण भेला र नाचगान गराई अश्लील गालीगलौज गर्दै लखेट्दै गर्दा राक्षसी थकाइले मर्दा उनको शरीर जलाई खरानी उडाइ टीका लगाइएको तथ्य पनि पाइन्छ । नराम्रो प्रवृत्ति उन्मूलनको खुशियालीमा वर्ष दिनमा एक पटक फागू पूणिृमा तिथि अबीर आदि रङ्ग र फूलका रस खेल्दै परस्परमा मनोरञ्जन गर्ने होली उत्सव मनाएको विश्वाससमेत रहेको छ ।

कुनै कालखण्डको फागुन तिथिमा महादेवले कामदेवलाई नाश गरेको खुशियालीका सन्दर्भमा यो पर्वको विशेषता र शुरूआत भएको मानिन्छ । मदन र कामदेवको भावलाई पूर्वीय र पाश्चात्य विद्वान् वात्स्यायन र फ्रायडका विचारमा एकरूपता भएको पुष्टि विश्वप्रसिद्ध छ । दुवैको निष्कर्षमा रङ्ग र पानीबाहेक यो पर्वलाई रति र कामको पूजन पर्व मदनोत्सव भनिएको पाइन्छ ।

श्रीमद् भागवत पुराणमा पुतना राक्षसीले बच्चाबच्चीलाई दूध चुसाउने निहुँमा दु:ख दिएको, मारेको र कृष्णलाई समेत त्यसै गर्न लाग्दा कृष्णले पुतनालाई नै मारिदिएको र नगरवासीले राक्षसीको लाश जलाएको खरानीले नै होली खेलेको, गोपिनीले रङ्गको उत्सव मनाएका र कृष्णले श्रृङ्गार रसकी राधालगायत अन्य सहेली साथीसँग फागू खेलेको कथा पनि पाइन्छ । साथै हिमालमा शिव पार्वतीले फागू उत्सव मनाएका, लङ्का युद्धमा रावणसँग विजयपछि अयोध्यावासीसँग राजा रामले खुशियालीका रूपमा फागू खेलेका आदि कथाले असत्यमा सत्यमा सत्यको, अधर्ममा धर्मको, कुकर्ममा सुकर्मको जितको परिणाम उल्लेख छ ।

फाल्गुने पौर्णमासी च सदा बालविकासनी ।
ज्ञेया फाल्गुनिका सा ज्ञेया लोकविभूतये ॥

अर्थात् फागू पूर्णिमा पर्व बालक्रिडा र बालविकासका लागि मनाइन्छ । फागू दुनियाँलाई धन्यधान्यबाट समृद्ध गरी मनोरञ्जक क्रिडाका लागि प्रसिद्ध छ । यसैगरी , बराह पुराणमा पनि फागूलाई फाल्गुनिका धनी यस पर्वमा अबीर जस्तो चूर्ण प्रयोग गरी क्रिडा गरेमा सबैको भलो हुने कुरा उल्लेख छ ।

श्री हर्षचरित संस्कृतको रत्नावली नाटिकामा पनि कोशाम्बी नगरीमा अबीर आदि रङ्ग परपस्परमा छ्याप्दै फागू खेलेको चित्रण पाइन्छ । आयुर्वेद शास्त्रमा केशरी, अबीरजस्ता प्राकृतिक रङ्गको प्रयोगले जीवनमा खुशी गरी छालालाई सफा गर्ने कुराको सङ्केत पाइन्छ । कृषि शास्त्रका दृष्टिले पनि होलक लातीति होलिका अर्थात् केराउ, चना आदिका बालालाई भुट्ने, पोल्ने कामलाई होलक भनिन्छ र चना जौं, गहुँ आदि नयाँ अन्न अग्निलाई भोग लगाउने समय जुन पर्वले ल्याउँछ, त्यो पर्व नै होलिका हो ।

फागूको समयमा पाकेका चना आदि प्राणपोषक नयाँ अन्नलाई अग्नि देवतालाई चढाएर मात्र घरमा भित्रयाउने परम्परा विशेषरूपमा मिथिलाञ्चलमा रहिआएको छ । होली सबै प्रकारका राग, द्वेषरहित सद्भाव र समताको पर्व हो भन्ने कुरा 'होलान्ति समतापर्व:' भन्ने श्लोकबाट पुष्टि हुन्छ ।

पौराणिक कथाअनुसार, प्रह्लादकी फुपू होलिकालाई भस्म नहुने वरदान प्राप्त भएकाले आफ्ना दाइ हीरण्यकश्यपुको आज्ञाअनुसार उनी प्रह्लादलाई मानृ उसलाई काखमा राखी आगोमा पस्दा मरिन् तर ईश्वरयुक्त प्रह्लादलाई केही नभएको सम्झनामा होलिकालाई जलाएर होलिकात्सव मनाइने गरिएको पाइन्छ ।

समयसँगै सभ्यता, आदर्श, नैतिकता, अश्लीलता र आनन्दका सौन्दर्यबोधक मापक र तत्व फेरिँदै मिथिलाञ्चलका स्रष्टाहरूले वासन्तीबोधका कामसक्त र श्रृङ्गार सिर्जनका साथै सामजिक जीवनका विकृति र विसङ्गतिलाई व्यङ्ग्य र हास्यका माध्यमबाट उजागर गर्ने चलन पनि देखिन्छ ।

साहित्यकार डा धीरेश्वर झा धीरेन्द्रले यस प्रसङ्गमा उल्लेख गर्नु भएको फागूको गीतले "ई देहिया होइहे छार, आनन्द करह, आनन्द करह ( यो शरीर खरानी हुनेछ, आनन्द गर, आनन्द गर) होलिका दहनका दिनको खरानीको सेतो रङ्ग र त्यसपछिको रङग अबीरको रङ्गमयताले जीवनको नश्वरता र त्यसले वर्तमानलाई नै मानवीय प्रेमको सन्देश दिइएको पाइन्छ ।

होली पर्वमा विभिन्न धर्मावलम्बी सहभागी भएर यसको सांस्कृतिक पक्षलाई सबल र सशक्त बनाउँदै आएको देखिन्छ । यहाँसम्म की अचेल हिन्दू र मुस्लिमसँगै मिलेर अबीर आपसमा दलेर, अङ्कमाल गरेर फागूको सद्भावना र शुभेच्छा सम्प्रेषित गरी पर्वमा सहभागी हुन्छन् । यस कारण पनि मिथिलाञ्चलमा अहिले फागूका गीतहरू यसरी प्रतिध्वनित भइरहेका छन् :

जनकपुर रङ्गमहल होरी
किनकाके हाथ कनक पिचकारी
किनकाके हाथ अबीर झोरी
रामके हाथ कनक पिचकारी
लक्ष्मण हाथ अबीर झोरी
जनकपुर रङ्गमहल होरी ॥

# बेपत्ता परिवारका लागि राज्य इमान्दार भएन : मुख्यमन्त्री राउत

जनकपुरधाम, २२ फागुन (रासस) ।

मुख्यमन्त्री लालबाबु राउतले राज्य इमान्दार नहुँदा बेपत्ता परिवारले अझै न्याय पाउन नसकेको टिप्पणी गर्नुभएको छ । जनकपुरमा आयोजित पीडित तथा सरोकारवालाहरूसँग प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रममा बिहीबार मुख्यमन्त्री राउतले बेपत्ता पारिएको परिवारलाई न्याय दिलाउन राज्य इमान्दार हुनुपर्नेमा जोड दिनुभयो ।

बेपत्ता पारिएको व्यक्तिको छानबिन आयोग, ललितपुरले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा मुख्यमन्त्री राउतले आउँदो केही दिनभित्रै बेपत्ता परिवारले न्याय पाउने विश्वास व्यक्त गर्नुभयो । प्रदेश २ मा रहेका १९६ बेपत्ता परिवारको न्यायका लागि प्रदेश सरकारले आफ्नो स्तरबाट सहयोग गर्ने मुख्यमन्त्री राउतले बताउनुभयो । "बेपत्ता परिवारको समस्यालाई अब नबल्झाऔँ", उहाँले भन्नुभयो, "चाँडोभन्दा चाँडो निर्क्यौलमा पुऱ्याऔँ ।"

परिवारका सदस्य गुमाएकाको पीडा कम गर्नका लागि पनि न्याय दिनुपर्ने तर्क उहाँले गर्नुभयो । मुख्यमन्त्री राउतले बेपत्ता पारिएको परिवारको समस्या तत्काल समाधान गर्न आयोगलाई आग्रह गर्नुभयो ।

सो अवसरमा जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख लालकिशोर साह, आयोगका सहसचिव ईश्वरीप्रसाद ढकाल, सदस्य सुनिलरञ्जन सिंहलगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो । कार्यक्रममा सहभागी बेपत्ता परिवारका सदस्यहरूले आफ्नो पीडा पोख्दै सास कि लास दिनुपर्ने माग गर्नुभएको थियो ।

# कोरोना भित्रिन नदिन सावधानी : अत्यावश्यक वस्तुको आपूर्तिमा सरकार सजग

काठमाडौँ, २२ फागुन (रासस)।

सरकारले कोरोना भाइरसको सङ्क्रमण भित्रिन नदिन मुलुकमा थप सावधानी अपनाउ थालेको छ। मास्क औषधिलगायत अत्यवश्यक वस्तुको आपूर्ति व्यवस्था मिलाउँदै, स्वास्थ्य परीक्षण र सामाजिक सचेतनालाई प्रभावकारी बनाउने सरकारले निर्णय गरेको छ।

विदेशबाट आउने व्यक्तिको स्वास्थ्य जाँचलाई थप व्यवस्थित बनाउँदै आन्तरिकरूपमा पनि स्वास्थ्य जाँच र सचेतनालाई प्रभावकारी बनाउने निर्णय भएको उपप्रधानमन्त्री तथा रक्षामन्त्री ईश्वर पोखरेलले जानकारी दिनुभयो।

सिंहदरबारमा बिहीबार बसेको उच्चस्तरीय समन्वय समितिको दोस्रो बैठकले छिमेकी मुलुकमा समेत फैलिएको कोरोना भाइरस नेपालमा भित्रिनसक्ने जोखिम रहेकाले सबै संयन्त्र परिचालन गरेर सावधानी अपनाउने समितिका संयोजकसमेत रहनुभएका मन्त्री पोखरेलले जानकारी दिनुभयो।

मन्त्री पोखरेलले भन्नुभयो, "बाहिरबाट आएकालाई व्यवस्थितरूपमा जाँच गर्ने, सङ्क्रमण प्रभावित व्यक्ति भरसक आउन नदिने, आएका व्यक्तिको ठिक ढङ्गले जाँच गर्ने, जनसचेतना कार्यक्रमलाई तीव्ररूपमा अघि बढाइने छ।" उहाँले बैठकमा यसअघि गरिएका प्रयासका विषयमा समीक्षा गरिएको जानकारी दिनुभयो।

छिमेकी मुलुकसहित विश्वका विभिन्न ८४ देशमा कोराना भाइरसको संक्रमण फैलिसकेको छ। विश्व स्वास्थ्य सङ्गठनका अनुसार ९५ हजार ४८१ जनामा रोग देखिएकोमा तीन हजार २८५ जनाको मृत्यु भइसकेको छ। कोरोनाका कारण छ हजार ४२० जना उच्च जोखिममा छन्। अहिलेसम्म ५३ हजार ६८८ जना निको भएर घर फर्किसकेका छन्।

नेपालमा गत माघ ९ गते चीनको सबैभन्दा बढी संक्रमण फैलिएको उहान प्रान्तबाट आएका एक जनामा संक्रमण देखिएका थियो। उनी अहिले कोरोनामुक्त रहेको र त्यसपछि अहिलेसम्म नेपालमा कुनै संक्रमण नदेखएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

स्वास्थ्य मन्त्रालयसँग सम्बन्धीत गर्नुपर्ने काममा बढी ध्यान दिनसमेत बैठकले निर्देशन दिएको छ। सरकारले यसअघि नै धेरै सङ्ख्यामा उपस्थित भएर गर्ने कार्यक्रमहरू नगर्न भनिसकेको छ। विद्यालयमा विशेष ध्यान दिँदै स्वास्थ्य परीक्षणमा थप प्रभावकारी बनाउने विषयमा समत छलफल भएको छ।

बजारमा मास्क अभाव हुने सम्भावना रहेकाले उद्योग वाणिज्य महासङघसँगको समन्वयमा तत्कालै उत्पादन गर्ने विषयमा सरकार गम्भिर रहेको मन्त्री पोखरेलले बताउनुभयो। "सस्तोमा मास्क उत्पादन गर्न छलफल भइरहेको छ, अनुदान दिनुपर्ने विषयमा पनि राज्य गम्भिर छ", मन्त्री पोखरेलले बैठकपछि पत्रकारसँग भन्नुभयो, "राज्यले कुनै पनि वस्तुको अभाव हुन दिँदैन, अभाव नहोस् भन्नेमा सावधानी अपनाएको छ।"

भारतले केही औषधी र कच्चापदार्थ निर्यातमा प्रतिवन्ध लगाएको भन्ने विषयमा पत्रकारले सोधेको जिज्ञासामा मन्त्री पोखरेलले नेपाललाई अत्यावश्यक भएको औषधी उपलब्ध गराउन भारत सहमत रहेको जानकारी गराउनुभयो। महत्वपूर्ण घडीमा आपूर्तिको विषयमा केही समस्या देखिने उल्लेख गर्दै मन्त्री पोखरेलले आपूर्ति व्यवस्था मिलाउने र अनुगमन गर्ने विषयमा सरकार गम्भीर छ भन्नुभयो।

बजारको अबस्था मुल्याङ्कन गरी तत्काल गर्नुपर्ने विषयमा सरकराले यसअघि नै मुख्य सचिवको नेतृत्वमा एक्सन कमिटी गठन गरिसकेको छ। उच्चस्तरिय समन्वय समितिलाई नीतिगत निर्णय गर्ने अधिकार समेत छ। समितिले निर्णय गरेर कार्यान्वयन गर्न एक्सन कमिटीलाई निर्दर्ति शन दिनसक्छ।

चीनबाट संक्रमण फैलिएको कोरोना भाइरसबाट विश्वका कुनै पनि मुलुक सुरक्षित नभएको विश्व स्वास्थ्य सङ्गठनले बताइसकेको छ। नेपाललाई उच्च जोखिममा राखेको छ। विकासोन्मुख र उच्च जोखिममा रहेको मुलुकलाई विश्व बैंकले सहयोग गर्ने घोषणा गरिसकेको छ। बिहीबारको बैठकले विश्व बैंकले गर्ने सहयोग लिने निर्णय समेत गरेको छ।

बैठकलले विमान कम्पनीलाई डिक्लेरेशन फर्म भर्न लगाउने, सीमा आवागमन घटाउने, थप स्वास्थ्य टोली परिचालन गर्ने, प्रदेश र स्थानीयतहलाई आपूर्ति व्यवस्था मिलाउन अनुरोध गर्ने निर्णय गरेको छ।

यस्तै निकासी नियन्त्रण गर्ने, लागत सहभागितामा मास्क उत्पादन गर्ने, क्रस बोर्डर बैठक बस्ने, सीमा नाकामा क्वारेन्टाइन भवन व्यवस्थापन गर्ने, संक्रमित मुलुकमा स्वास्थ्य चेतना बढाउने, क्वारेन्टाइन भवन कायम राख्नेलगायत निर्णय भएको रक्षा मन्त्रालयले जनाएको छ।

# टाटा पिकअपको ठक्करबाट एकको मृत्यु, एक घाइते

जलेश्वर, २२ फागुन (रासस)।

बिपी राजमार्गअन्तर्गत महोत्तरी जिल्लाको बर्दिवास नगरपालिका-३ स्थित कालापानीमा बुधबारराति टाटा पिकअपले ठक्कर दिँदा एकको मृत्यु भएको छ।

मृत्यु हुनेमा सिन्धुली जिल्लाको कमलामाई नगरपालिका-७ बस्ने ४६ वर्षीय दीप खत्री रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक माधवप्रसाद बुढाथोकीले जानकारी दिनुभयो। बा ४४ प ६२२४ नम्बरको मोटरसाइकललाई सो स्थानमा विपरीत दिशाबाट आउँदै गरेको स १ च १८०६ नम्बरको टाटा पिकअपले ठक्कर दिँदा खत्री गम्भीर घाइते भएका थिए।

बर्दिवासस्थित जनसेवा अस्पतालमा प्राथमिक उपचारपश्चात् थप उपचारका लागि काठमाडौँ लैजाँदै गर्दा बाटोमै घाइते उहाँको मृत्यु थियो। सोही दुर्घटनामापरी रामेछाप जिल्ला मन्थली नगरपालिका-५ बस्ने ३८ वर्षीय रुद्रराज कार्की गम्भीर घाइते हुनु भएको र उनको उपचार बर्दिवासमा भइरहेको प्रहरीले जनाएको छ।

## नौं करोडको ...

संयुक्त रुपमा भवनको शिलान्यास गरेका छन।

संघिय सरकारको ९ करोडको लागतमा निर्माण हुन लागेको चिल्ड्रेन पार्क पडरियाको हुरियाहा फिल्डमा २६ कट्ठा जग्गामा निर्माण हुन लागेको हो। पर्खालसहित निर्माण हुने बाल उधानमा बगैचा, बिभिन्न खेलकुदका सामाग्री र साधन, सोलार, खानेपानी, शौचालय, आरामदायिक कुर्सी लगायत अन्य बिभिन्न सुबिधा उपलब्ध रहने राजविराज नगरपालिकाले जनाएको छ।

एक वर्ष भित्र निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको सो बाल उधान निर्माण कार्यको ठेक्का पाएका रसुवारोशन जेबि कन्ट्रक्सनले बिहीवारदेखि काम सुरु गरिसकेको कम्पनीका प्रतिनिधि मनोज कुमार यादवले जानकारी दिएका छन्।

बालबालिकाहरुका लागि नगरपालिका क्षेत्रमा यस्तो पार्कको ब्यवस्था नरहेको कुरालाई ध्यानमा राख्दै पहिलो पटक यस्तो ब्यवस्था गर्न लागिएको नगरप्रमुख यादवको भनाई छ।


" राजविराज शहर, समृद्ध-हरित नगर "

राजविराज नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

राजविराज, सप्तरी, प्रदेश नं. २ नेपाल

VISIT Nepal Year 2020

मति :२०७६।१०।२२

पत्र संख्या : प्रशासन/२०७६/०७७

चलानी नं. :

राजविराज नगरपालिकाबाट नगरबासीमा जारी भएको अत्यन्त जरुरी सुचना ।

हाल चीनमा फैलिएको *नोभेल कोरोना भाइरस* र सो ले नेपालमा पार्ने असरका सम्बन्धमा, नोभेल कोरोना भाइरस नयाँ प्रजातिको भाइरस हो जुन मानव जातिमा पहिलो पटक चीनको हुवान प्रान्तमा ३१ डिसेम्बर २०१९ मा पहिचान भएको हो । यो २०१९ n-Cov भाइरस पशुहरूबाट मानिसमा प्रसार भई हाल मानिसबाट मानिसमा संक्रमण फैलदै गएको पुष्टि विश्व स्वास्थ्य संगठनले गरेको छ ।

यस भाइरसले सामान्य रूघाखोकी देखि गम्भीर प्रकारको तीव्र *स्वासप्रस्वास संक्रमण*सम्म गराउन सक्छ। पछिल्लो जानकारी अनुसार हालसम्म विश्वभर *नोभेल कोरोना भाइरसबाट ७० वटा देशहरु* प्रभावित भईसकेको हुदा अति सर्तकता अपनाउनु पर्ने भएको हुदा सवैमा जानकारी गराउदछौं ।

*मुख्य लक्षणहरु*

- प्रभावित देशहरुबाट आउने मानिसहरुमा दई हप्ता भित्र *रुघाखोकी* लागेमा,
- ज्वरो *(१००.४ °F* माथी) आएमा ।
- घाँटी / टाउको दुखेमा
- *स्वाश प्रश्वाश*मा अत्याधिक समस्या आएमा,

*(तुरुन्त नजिकको स्वास्थ्य संस्था सम्पर्क गर्ने ।)*

*कोरोना भाईरसबाट कसरी आफु र अरुलाई बचाउने*

- नियमित *साबुन पानीले* हात धुने
- *खोक्दा र हाछ्युं* गर्दा नाक र मुख छोप्ने ।
- फ्लु जस्तो लक्षण देखिएमा डाक्टरसंग परामर्श लिने ।
- *फ्लु जस्तो लक्षण* देखाउने जो कोही संग टाढा रहने ।
- जंगली तथा घरपालुवा *पशुपन्छीसँग असुक्षित सम्पर्क*बाट टाढा रहने ।
- पशुजन्य मा*सु तथा अण्डा* राम्रोसंग पकाएरमात्र खाने ।
- *मास्क र पंजा*को प्रयोग गर्ने ।

र साथै सामुहिक कार्यक्रम, भोज भतेर पर्व समेत नगर्न नमनाउन समेत हार्दिक अपिल गर्दछौं ।

शम्भु प्रसाद यादव
नगर प्रमुख

सुशासन, पारदर्शिता, जवाफदेहिता र हाम्रो पतिवद्धता
फोन्: ०३१ ५२०७०३, ५२००३७, ५२०६४३, फयाक्स: ०३१५२०६६६
email: rajbirajmunsaptari@gmail.com website: www.rajbirajmun.gov.np


## विश्व समाचार

# कोरोनाको त्रासः क्यालिफोर्नियामा आपतकाल घोषणा

क्यालिफोर्निया, २२ फागुन (रासस/एएफपी)।

संयुक्तराज्य अमेरिकाको क्यालिफोर्नियामा प्राणघातक कोरोना जीवाणु (भाइरस)का कारण एक व्यक्तिको मृत्यु भएपछि आपतकाल घोषणा गरिएको छ। अमेरिकामा योसमेत १० जनाको कोरोना भाइरसकै कारण मृत्यु भइसकेको छ। अमेरिकी स्वास्थ्य अधिकारीले क्यालिफोर्नियाको स्याक्रामान्टो अस्पतालमा मृत्यु भएका ती व्यक्ति ७१ वर्षका पुरुष रहेको जानकारी दिएका छन्। ती व्यक्ति हालै क्रुज जहाजको यात्राबाट फर्किएका हुन्। ह्वाइट हाउसले यस रोगको परीक्षणलाई देशव्यापी विस्तार गर्ने बुधबार जानकारी दिएको छ। अमेरिकाका १६ वटा राज्यमा करिब १५० जनामा कोरोना भाइरस देखिएको थियो।

विश्वभर हाल कोरोना सङ्क्रमित व्यक्तिको सङ्ख्या ९२ हजारभन्दा बढी पुगिसकेको छ, र तीमध्ये करिब ८० हजार चीनमा रहेको बिबिसीले जनाएको छ। हाल विश्वभर कोराना पीडित तीन हजारभन्दा बढीको मृत्यु भइसकेको छ। अमेरिकामा मृत्यु भएका ११ जनामध्ये १० जना वासिङ्टन राज्यका रहेका छन् र पछिल्लो समय यो रोग टेक्सास र नेब्रास्का राज्यमा पनि फैलिएको छ। यसैबीच वासिङ्टन र फ्लोरिडा राज्य दुबैले गत साता नै स्वास्थ्य आपतकालको घोषणा गरिसकेका छन्। क्यालिफोर्नियामा मृत्यु भएका कोरोना सङ्क्रमित बृद्ध व्यक्ति ग्रान्ड प्रिन्सेज नामको क्रुजमा यात्रारत रहेका व्यक्ति थिए। यो जहाज सानफ्रान्सिस्को हुँदै मेक्सिको पुगेको थियो।

कोरोनाको त्रास फैलिएसँगै संयुक्तराज्य अमेरिकाले चीन भ्रमण गरेका कुनै पनि देशका नागरिकलाई अमेरिका प्रवेशमा रोक लगाएको छ। तर चीन छाडेको १४ दिन पछि भने त्यस्ता यात्रुलाई अमेरिका प्रवेश गर्न दिइने गरिएको छ। अमेरिकी उपराष्ट्रपति माइक पेन्सले बुधबार कुनै चिकित्सकले कुनै व्यक्तिको परीक्षण गर्ने बताएको खण्डमा त्यस्ता व्यक्तिले अनिवार्यरुपमा स्वास्थ्य परीक्षण र क्वारेन्टाइनमा बस्नै पर्ने बताउनुभएको छ।

## विश्वभर कोरोनाको त्रास

चीनपछि कोरोनाले सर्वाधिक प्रभाव पारेको मुलुक दक्षिण कोरिया हो। बुधबार मात्र यहाँ ५१६ जनामा कोरोनाका जीवाणु देखिएको छ। योसहित कोरियामा कूल सङ्क्रमित व्यक्तिको सङ्ख्या पाँच हजार ७६६ पुगेको छ। कोरोनाकै कारण दक्षिण कोरियामा हालसम्म ३५ जनाको मृत्यु भइसकेको छ। कोरोना सङ्क्रमणको जोखिम नियन्त्रण गर्न दक्षिण कोरियाका प्रधानमन्त्री चुङ स्ये-क्यूनले अनुहारमा लगाउने मास्क विदेश निर्यात गर्न प्रतिबन्ध लगाइएको घोषणा गर्नु भएको छ। अस्ट्रेलिया सरकारले दक्षिण कोरियाबाट आउने सबै विदेशी नागरिकको प्रवेशमाथि रोक लगाएको छ। अस्ट्रेलियामा पनि कोरोनाबाट दुई जनाको मृत्यु भइसकेको छ भने अरु ५३ जनामा कोरोना सङ्क्रमण भएको छ। चीनमा भने बुधबार १३९ जना नयाँ सङ्क्रमित व्यक्ति भेटिएका छन् भने ३१ जनाको मृत्यु भएको छ। यी सबै व्यक्ति चीनको हुबे प्रान्तका रहेका छन्। इटालीमा भने विद्यालयहरु १० दिनका लागि बन्द गरिएका छन्। बिहीबार मात्र अन्तरराष्ट्रिय मुद्रा कोषले कोरोना भाइरस प्रभावित मुलुकको सहायताका लागि ५० अर्ब अमेरिकी डलरको सहायता गर्ने घोषणा गरेको छ। कोषले कोरोनाको त्रासबीच विश्वको आर्थिक वृद्धि सन् २०१९ मा २.९ प्रतिशतभन्दा कमै हुने अनुमान गरेको छ।

# ग्रीसले अवैध आप्रवासी उनीहरुकै देश फिर्ता गर्ने

कास्टानिज, २२ फागुन (रासस/एएफपी)।

ग्रीसले यही मार्च १ तारिखपछि अवैधरुपमा ग्रीस प्रवेश गरेका आप्रवासीलाई उनीहरु आएकै स्थानतर्फ फर्काउने जनाएको छ। उनीहरु छिमेकी मुलुक टर्कीको सेरेजबाट बिना इजाजत ग्रीस प्रवेश गरेका थिए। ग्रीसका आप्रवासमन्त्री नोटिस मिटाराचीले रातिको समयमा लुकिछिपी ग्रीस प्रवेश गरेकालाई पक्राउ गरी उनीहरुकै देशतर्फ फर्काइने जानकारी दिनुभयो। टर्कीले गत फेब्रुअरी २८ मा आफ्नो भूमिमा लामो समयदेखि रहेबसेका आप्रवासीमध्ये टर्की प्रवेश गर्न चाहनेमाथि कुनै कारबाही नगर्ने वा नरोक्ने घोषणा गरेको थियो। यही मौकामा कम्तीमा १० हजार व्यक्ति ग्रीस प्रवेशका लागि सीमा क्षेत्रमा भेला भएका थिए।

युरोपेली यूनियनसँग टर्कीले सन् २०१६ मा गरेको सम्झौतामा यी आप्रवासीलाई ग्रीस वा यूरोपेली मुलुकमा अवैध प्रवेश गर्न नदिने उल्लेख थियो। यहीबीच टर्कीले आप्रवासीमाथि खुकुलो नीति लिएसँगै सयौं व्यक्ति ग्रीस प्रवेश गरिसकेका छन्। उनीहरुमध्ये अधिकांश सामुद्रिक मार्ग हुँदै ग्रीसको लेसबोस पुगेका छन् भने केही व्यक्ति ग्रीसका अरु द्वीपमा पुगेका छन्। टर्की र ग्रीसले पछिल्लो समय एकअर्कामाथि आप्रवासीमाथि ज्यादती गरेको आरोप लगाइरहेका छन्। सीमा क्षेत्रमा भेला भएका आप्रवासीमाथि दुबै देशका सुरक्षाकर्मीले बल प्रयोग गर्नुपरेको छ। अथेन्स न्यूज एजेन्सीसँग कुरा गर्दै ग्रीसका आप्रवास मन्त्री मिटाराचीले भन्नुभयो, "हाम्रो उद्देश्य अवैध आप्रवासीलाई उनीहरुकै देश फर्काउनु हो।" उहाँले सन् २०१९ को जनवरी १ भन्दा अघि ग्रीस प्रवेश गरेका र विभिन्न द्वीपमा छरिएर बसिरहेका आप्रवासीलाई आगामी दिनमा एकै थलोमा ल्याइने पनि बताउनुभयो।

ग्रीसले गत मार्च १ मा आप्रवासका लागि आवेदन दिए पनि कुनै पनि निवेदनलाई स्वीकार नगरिने घोषणा गरेको थियो तर ग्रीसको उक्त कदमप्रति विभिन्न मानवअधिकार संस्थाले आलोचना गरेका छन्। ग्रीसको लेसबोसमा यसअघि नै २० हजारभन्दा बढीले आश्रय लिइरहेका छन्। टर्कीले सीमा क्षेत्रमा गोली चलाउँदा एक जना आप्रवासीको मृत्यु भएको र अरु पाँच जना घाइते भएको आरोप लगाएको छ, तर ग्रीसले उक्त आरोपको खण्डन गरेको छ। ग्रीसका अनुसार टर्कीको प्रहरीले अश्रुग्यास प्रहार गरी आप्रवासीलाई ग्रीसको सीमाभित्र प्रवेश गराउन मद्दत गरिरहेको छ। सिरियाको इड्लिबमा रसिया समर्थित सिरियाली हवाई आक्रमणमा टर्कीका ३३ जना सैनिक मारिएपछि पछिल्लो सङ्कट उत्पन्न भएको हो। इड्लिबमा जारी सिरियाली बम हमला रोक्न युरोप र अमेरिकाले पर्याप्त ध्यान नदिएको टर्कीको आरोप छ।

# राजविराज नगरपालिकाद्वारा सतर्कता अपनाउन आग्रह



**दैनिक समाचारदाता**
**राजविराज, २२ फागुन ।**

राजविराज नगरपालिकाको कार्यालयले चीनबाट फैलिइएको नोभेल कोरोना भाइरसका कारण असर पर्ने भएकोले नगरवासीलाई सतर्कता अपनाउन आग्रह गरेको छ ।

नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादवद्वारा बिहीबार जारि सूचनामा सो अनुरोध गर्दै सामुहिक कार्यक्रम, भोजभतेर, पर्व समेत नगर्न नमनाउन आग्रह समेत गरिएको छ ।

जारि सूचनामा नोभेल कोरोना भाइरसले सामान्य रुघाखोकीदेखी गम्भिर प्रकारको तिब्र स्वासप्रस्वास संक्रमणसम्म गराउन सक्ने हुनाले सतर्कता अपनाउन अपिल गरिएको हो ।

सो सूचनामा प्रभावित देशहरुबाट आउने मानिसहरुमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, १ सय ४ डिग्रि माथी ज्वरो आएमा, घाँटी/टाउको दुखेमा र स्वाशप्रस्वासमा अत्याधिक समस्या आएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न अनुरोध गरिएको छ ।

त्यस्तै कोरोना भाइरसबाट बच्न र बचाउन नियमित साबुन पानीले हात धुने, खोक्दा र हाछ्यु गर्दा नाक र मुख छोप्ने, फ्लु जस्तो लक्षण देखिएमा चिकित्सकसँग परामर्श लिने, फ्लु जस्तो लक्षण देखाउने जो कोहीसँग टाढा रहने, जंगली तथा घरपालुवा, पशुपंक्षिसँग असुरक्षित सम्पर्कबाट टाढा रहने, पशुजन्य मासु तथा अण्डा राम्रोसँग पकाएर मात्र खाने र मास्क तथा पन्जाको प्रयोग गर्न सल्लाह दिइएको छ ।

चीनको हुवान प्रान्तमा ३१ डिसेम्बर २०१९ मा पहिचान भएको यो भाइरस पशुहरुबाट मानिसमा प्रसार भई हाल मानिसबाट मानिसमा संक्रमण फैलिदै गएको र ७० वटा देशहरु यसबाट प्रभावित भइसकेको विश्व स्वास्थ्य संगठनले पुष्टि गरेको छ ।

## होली महोत्सव स्थगन सम्बन्धि सूचना

गृहमन्त्रालयको परिपत्र तथा स्वास्थ मन्त्रालयको अनुरोध अनुसार कुनै पनि सार्वजनिक कार्यक्रम आयोजना नगर्न गरेको अनुरोधलाई स्वीकार गर्दै अर्को सूचना जारि नभए सम्मको लागि शनिबार राजविराजमा हुन लागिएको होली महोत्सव स्थगित गरिएको व्यहोरा सम्पूर्ण सहभागी टिम तथा सम्बन्धित सरोकारवालाहरुलाई जानकारी गराइन्छ ।

# कोरोना भाइरसका कारण इपिएल स्थगित

काठमाडौँ, २२ फागुन (रासस) ।

कोरोना भाइरसका कारण चौथो संस्करणको एभरेष्ट प्रिमियर लिग (इपिएल) टी–ट्वान्टी क्रिकेट प्रतियोगिता स्थगन गरिएको छ ।

चीनबाट शुरु भएको कोरोना भाइरस विश्वव्यापीरूपमा फैलँदै गएपछि इपिएल स्थगन गरिएको आयोजक इपिएलका प्रबन्ध निर्देशक आमिर अख्तरले जानकारी दिनुभयो । उहाँका अनुसार नेपाल क्रिकेट सङ्घ, सहभागी टोली तथा प्रायोजकसँगको छलफलपछि प्रतियोगिता स्थगन गरिएको हो । "कोरोनाको त्रासले अहिले इपिएल स्थगित गरेका छौँ । स्थिति नियन्त्रण भएपछि नयाँ मिति तय गर्नेछौँ", उहाँले भन्नुभयो ।

यसअघि इपिएल आगामी चैत १ देखि १५ गतेसम्म कीर्तिपुरस्थित त्रिवि मैदानमा हुने तय भएको थियो । प्रतियोगितामा विभिन्न ६ टोलीको सहभागिता हुनेछ । ललितपुर, काठमाडौँ किङ्स इलेभेन, पोखरा राइनोज, चितवन टाइगर्स, भैरहवा ग्ल्याडियटर्स र विराटनगर वारियर्स रहेका छन् ।

# प्रधानमन्त्री ओलीको स्वास्थ्यमा क्रमिक सुधार

काठमाडौँ, २२ फागुन (रासस) ।

मिर्गौला प्रत्यारोपणको दोस्रो दिन बिहीबार प्रधानमन्त्री केपी शर्मा ओलीको स्वास्थ्यमा क्रमिक सुधार हुँदै गइरहेको छ ।

प्रधानमन्त्री ओलीले तरल चीजहरू खान थाल्नुभएको र अन्य सूचकहरू राम्रो रहेको उहाँका प्रेस सल्लाहकार सूर्य थापाले जानकारी दिनुभयो । त्रिवि शिक्षण अस्पताल, महाराजगञ्जमा बुधबार उहाँको दोस्रोपटक मिर्गौला प्रत्यारोपण गरिएको थियो । हाल उहाँलाई शल्यक्रिया कक्षबाट प्रत्यारोपण उपचारकक्षमा राखी उपचारलाई निरन्तरता दिइएको छ । उहाँको पछिल्लो स्वास्थ्यस्थितिबारे अस्पतालले हरेक दिन ४ बजे औपचारिक जानकारी दिनेछ ।

प्रधानमन्त्री ओली मिर्गौला प्रत्यारोपणका लागि यही फागुन १९ गते अस्पताल भर्ना हुनुभएको थियो ।

# भन्सार छलेका सामान नियन्त्रणमा

**दैनिक समाचारदाता**
**राजविराज, २२ फागुन ।**

सप्तरीको बलानबिहुल गाउँपालिका ६ रौतहटबाट प्रहरीले भन्सार छलेर ल्याउँदै गरेको ट्र्याक्टरको पार्टपूर्जा नियन्त्रणमा लिएको छ ।

भारतबाट नेपालतर्फ भन्सार छलेर मोटरसाइकलमा ल्याउदै गरेको दश हजार मुल्य बराबरको ट्र्याक्टरको पाठपुर्जा प्रहरीले नियन्त्रणमा लिएको हो ।

प्रहरीका अनुसार मानिसहरुले प्रहरीलाई देख्ने बित्तिकै ती पाटपूर्जा फ्यालेर फरार भएका थिए । बरामद उक्त पाटपूर्जा भन्सार कार्यालयमा बुझाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## दादुरा रुवेला खोप अभियान

**दादुरा रुवेला खोप लगाऔं । आ-आफ्नो बालबालिकाहरुलाई दादुरा रुबेला रोगबाट बचाऔं ।**

यही फाल्गुन १ गतेदेखि नगरपालिका/गाउँपालिकाको सबै वडाहरुमा दादुरा रुवेला खोप अभियान संचालन हुदैछ । यस अभियानमा **९ महिना देखि ५ वर्ष मुनिका** सम्पूर्ण बालबालिकालाई दादुरा रुवेला रोग विरुद्धको खोप लगाइन्छ । आ-आफ्नो बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगेर दादुरा रुवेला खोप लगाउन हुन अनुरोध छ । साथै जन्मदेखि **५ वर्ष मुनिका** बालबालिकाहरुलाई पोलियो थोपा समेत खुवाऔं ।

**दादुरा रुवेला खोप अभियान संचालन हुने चरण र मिति**

**पहिलो चरण**

**(२०७६ फाल्गुन १ गतेदेखि २०७६ फाल्गुन ९ गतेसम्म)**

राजविराज नगरपालिका, कञ्चनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, महादेवा गाउँपालिका, सप्तकोशी नगरपालिका, तिरहुत गाउँपालिका र तिलाठी कोइलाडी गाउँपालिका

**दोश्रो चरण**

**(२०७६ फाल्गुन ११ गतेदेखि २०७६ फाल्गुन १९ गतेसम्म)**

डाक्नेश्वरी नगरपालिका, राजगढ गाउँपालिका, छिन्नमस्ता गाउँपालिका र विष्णुपुर गाउँपालिकामा

**तेश्रो चरण**

**(२०७६ फाल्गुन २१ गतेदेखि २०७६ फाल्गुन २९ गतेसम्म)**

बोदेवर्साइन नगरपालिका, खडक नगरपालिका, शम्भुनाथ नगरपालिका, सुरुङ्गा नगरपालिका, अग्निसाईर कृष्णासवरण गाउँपालिका, बलान विहुल गाउँपालिका र रुपनी गाउँपालिका

**जिल्ला खोप समन्वय समिति**
**स्वास्थ्य कार्यालय, सप्तरी**

## भावपूर्ण श्रद्धाञ्जली



जन्म : २००४

स्व. २०७६ फागनु १७

**स्व. नथुनी प्रसाद मण्डल**

हमर सब के पुज्जनीय पिता एवं साविक ब्रहमपुरके भुपु गाविस अध्यक्ष नथुनी प्रसाद मण्डलके २०७६ फागुन १७ गते निधन भेला के कारण दुःखद के घडीमे दिवंगत आत्माके चिर शान्तिके कामना ईशवर स करैछी ।

वसन्त कुमार मण्डल (मास्टर), कृष्ण प्रसाद मण्डल, कन्तलाल मण्डल, उमेश प्रसाद मण्डल (अहेब), शकंर प्रसाद मण्डल (मास्टर), धनेश्वर प्रसाद मण्डल (अहेब), उतिम प्रसाद मण्डल, जितेन्द्र प्रसाद मण्डल एवं शुभेच्छुक वर्ग

**डाक्नेश्वरी नगरपालिका ६, ब्रह्मपुर, सप्तरी**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np